बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : ०२२ ॥ २०७८ फागुन ०९ गते सोमबार (21st Feb 2022 Monday) **Pratidin** National Daily dNo–?÷%÷–

# एमसीसीमा सैन्य रणनीति छैन–विश्वप्रकाश

*बिर्तामोड (प्रस) ।* नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले नेपाल चिन र अमेरिका कुनै पनि राष्ट्रको पक्षमा नउभिने स्पष्ट पार्दै सबै देशको लगानीलाई स्वागत गर्ने बताएका छन् ।

सि.के. चिन्तन प्रतिष्ठान झापाको आयोजनामा सि.के. प्रसाईंको २८ औं स्मृति दिवसमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रवक्ता शर्माले सैन्य रणनीति बाहेकका सबै मुलुकको सहयोग स्वीकार गर्ने स्पष्ट पारे ।

काँग्रेसले सरकार हुँदा पनि नहुँदा पनि एमसीसीबारे स्पष्ट धारणा राख्दै आएको बताउँदै शर्माले एमसीसीबारे नबुझी विरोधमा उत्रिएर उग्रराष्ट्रवाद प्रदर्शन नगर्न समेत सम्बन्धित सबैमा आग्रह गरे ।'बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा निवेदन हालेर एमसीसीको प्रक्रिया अघि बढेको हो'-शर्माले भने-'प्रक्रिया अघि बढाउँदा भिम रावल र नारायणकाजी श्रेष्ठहरु पनि सरकारमा हुनुहुन्थ्यो । अहिले त्यसको विरोध किन ? रावल र श्रेष्ठलाई म चुनौती दिन चाहन्छु, तपाईहरु सरकारमा हुँदा प्रक्रिया अघि नबढेको भए म पद त्याग्न तयार छु । तपाईहरु तयार हुनुहुन्छ ?' 'एमसीसीलाई अहिले राष्ट्रघातको रुपमा हेरिएको छ तर यो सत्य होइन, अबको २० बर्षपछि राष्ट्रिय आम्दानीको दर्विलो स्रोत हुन्छ'- शर्माले भने-'एमसीसीको सहयोगबाट विजुली उत्पादन र ट्रान्समिसन लाइन बन्ने हो । ट्रान्समिसन लाइनबाट भारतलाई बिजुली बेच्ने हो । तसर्थ भारतको समर्थन खोजिएको हो ।' आफ्नो जग्गामा घर बनाउँदा समेत छिमेकीको स्वीकृति चाहिने भन्दै उनले एमसीसीबाट हुने विकासमा पनि सोही नीति लागु हुने भनाई राखे ।



अन्तर्राष्ट्रिय सन्धि सम्झौता निश्चित फरम्याट अनुसार हुने उल्लेख गर्दै नेता शर्माले एमसीसी पनि सोही फरम्याट अनुसार नै भएको उल्लेख गरे । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्दा पनि अन्तर्राष्ट्रिय हस्तक्षेप बढ्छ भनेर तीव्र विरोध भएको स्मरण गर्दै अहिले उक्त विमानस्थलको प्रयोग गरेर लाखौं मानिसहरु आवतजावत गरिरहेको र यसका कारण कुनै हस्तक्षेप नभएको उनको भनाई थियो ।

जनसहभागिताबाट बनेको संविधान र संविधानले अवलम्बन गरेको संवैधानिक संस्कार पालना गर्ने कि नगर्ने ? भन्ने मूल प्रश्न अहिले उठेको बताउँदै उनले देशको समृद्धि, विकास र समुन्नतिका लागि सि.के. प्रसाईको शालिनता र सिद्धान्तप्रतिको निष्ठालाई अवलम्बन गर्नुपर्नेमा जोड दिए । काँग्रेसका पूर्व सभापति, केन्द्रीय समितिका पूर्व प्रवक्ता एवं पूर्व केन्द्रीय सदस्य समेत रहेका सि.के.प्रसाईको २०५० सालमा निधन भएको थियो । प्रजातान्त्रिक समाजवाद, वाक एवं अभिब्यक्ति स्वतन्त्रताका लागि जीवनभर संघर्ष गरेका सि.के. प्रसाईंले पञ्चायती शासनकालमा लामो समय निर्वासनको सजाय भोग्नुपरेको थियो भने सर्वस्वहरणमा समेत परेका थिए ।

वि.पी.को सान्निध्यमा रहेर राजनीति गरेका सि.के. सिद्धान्त र निष्ठाप्रति अडिग थिए भने वि.पी.ले अवलम्बन गरेको प्रजातान्त्रिक समाजवादको आधिकारिक ब्याख्याताका रुपमा समेत उनलाई लिइन्थ्यो । समाजवादी विचारकको रुपमा रहेका सि.के.ले आफ्नो जीवनकालमा लेखेका विचारहरुलाई समेटेर आजको सरल राजनीति र सि.के.का विचारहरु नामक कृति प्रकाशन भएका छन् ।

काँग्रेसका महामन्त्री शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सि.के.का समकालीन राजनीतिज्ञ एवं नेपाली काँग्रेसका पूर्व सभापति पूर्णानन्द शर्मालाई सम्मान गरिएको थियो ।सम्मानित ब्यक्तिलाई प्रमुख अतिथि शर्मा, प्रतिष्ठानका संरक्षक विवेककेशरी प्रसाई, संगिता प्रसाई, सभापति टिकाप्रसाद प्रसाईंले सम्मानपत्र र दोसल्ला प्रदान गरेका थिए ।

सोही कार्यक्रमका बीच सि.के. चिन्तन प्रतिष्ठानले शैक्षिक क्षेत्रमा प्रारम्भ गरेको सहयोग यस बर्ष अर्जुनधारा नगरपालिका-४ स्थित लक्ष्मी प्राविलाई हस्तान्तरण गरिएको थियो । विद्यालयका प्रधानाध्यापक डम्बरबहादुर डाँगी, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष गोविन्द श्रेष्ठलाई सि.के. प्रसाईका नाति अनुदान प्रसाईले ५१ हजार राशिको सहयोग प्रदान गरे । कार्यक्रममा पूर्व राज्यमन्त्री एवं काँग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईले आफू प्रसाई परिवारकै भएपनि सि.के.को राजनीतिक योगदानका बारे पश्चिम नेपालमा पुग्दा 'सि.के.को विचार पढेर कांग्रेसमा लाग्यौं' भन्ने सुनेपछि थप प्रभावित भएको बताइन् ।

कार्यक्रममा पूर्वमन्त्री एवं काँग्रेस नेता दीपकप्रकाश बाँस्कोटाले वि.पी.कोइरालापछि सि.के. प्रसाईले प्रजातान्त्रिक समाजवादी विचारको आधिकारिक रुपमै ब्याख्या गरेको बताए ।

कार्यक्रममा काँग्रेस केन्द्रीय सदस्य सुशिला ढकालले सि.के.को जीवनशैली, विचार र सिद्धान्तप्रतिको निष्ठाबाटै आफू प्रभावित भएको धारणा राखिन् ।

नेपाली काँग्रेस झापाका सभापति देउकुमार थेबेले सि.के प्रसाईकै पालामा झापामा काँग्रेसको वैचारिक जग बलियो बनेको बताए ।

कार्यक्रममा विश्वनाथ घिमिरे स्मृति प्रतिष्ठानका अध्यक्ष राम कट्टेल, प्रतिष्ठानका पूर्व अध्यक्ष लोकराज ढकाललगायतले बोलेका थिए ।

सि.के. चिन्तन प्रतिष्ठानका सभापति टिकाप्रसाद प्रसाईंको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष कुमार भट्टराई र सञ्चालन सचिव इन्दु पूर्वेलीले गरेका थिए ।

# पत्रकार पौडेलको हत्यारा गिरीलाई माफी



*झापा(प्रस) ।* पत्रकार यादव पौडेल हत्याका मुख्य आरोपी युवराज गिरीले राष्ट्रपति विद्यादेवी भण्डारीबाट माफी पाएका छन् ।

प्रजातन्त्र दिवसको अवसरमा राष्ट्रपति भण्डारीले कर्तव्य ज्यान सम्बन्धी कसूरमा कैद भुक्तान गरिरहेका गिरीलाई शनिबार माफी दिएकी हुन् ।

मन्त्रिपरिषद् बैठकको सिफारिसमा भण्डारीले गिरीसहित ५०१ जनाको भुक्तान हुन बाँकी कैद माफी मिनाहा गरिदिएकी हुन् । गिरीसहित जिल्ला कारागार, झापामा कैद सजाय भुक्तान गरिरहेका १६ जनाको बाँकी कैद माफी मिनाहा गर्ने निर्णय भएको झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले बताए । उनले भने, 'उनले झण्डै १० वर्ष सजाय काटिसकेका थिए ।'

मोरङ सिजुवा घर भएका पत्रकार पौडेलको २१ चैत २०६८ मा झापाको बिर्तामोडस्थित बसपार्कमा हत्या भएको थियो । पुनरावेदन अदालत, इलामले २५ असार २०७१ मा पत्रकार पौडेलको हत्यामा संलग्न गिरीसहित ३ जनालाई जन्मकैदको फैसला सुनाएको थियो ।

अदालतको आदेशपछि फूलमाया भनिने मञ्जु ढकाल (कार्की) थुनामा गएकी थिइन् भने सोमनाथ ढकाल फरार भएका थिए । अर्का आरोपी मदन राईलाई ६ महिनाको कैद सजाय सुनाइएको थियो ।

पौडेललाई नयाँ बसपार्क नजिक पूर्वाञ्चल होटल एण्ड सेकुवा कर्नरको चौथो तलाबाट धकेलेर खसालेको मञ्जुले पनि बयान दिएकी थिइन् । त्यसबेला झापाका तत्कालीन एसपी तारणीप्रसाद पौडेलले होटलको माथिल्लो तलामा भनाभन भइरहेका बेला गिरीले खसालेर हत्या गरेको बताएका थिए ।

पत्रकार पौडेल राजधानी दैनिक, एभिन्युज टेलिभिजन र झापाबाट प्रकाशित हुने मेची टाइम्स दैनिकमा कार्यरत थिए । अस्पतालको पोष्टमार्टम रिपोर्टमा पौडेलको टाउको र फोक्सोमा रगत जमेको, कलेजो फुटेको, तीनवटा करङ तथा देब्रे हात भाँचिएको उल्लेख थियो ।

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलले कर्तव्य ज्यान जस्तो गम्भीर मुद्दाका आरोपीलाई माफी दिनु गम्भीर विषय भएको भन्दै आपत्ति जनाए । उनले भने, 'यो स्वीकार्य हुने विषय हुँदै होइन, यस विषयमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँछौं ।'

पत्रकार पौडेलकी पत्नी सुनम पौडेलले पनि गिरीलाई आममाफी दिइएकोप्रति दुःख प्रकट गरेकी छन् । 'मजस्ता पीडितमाथि सरकारले यो भन्दा अन्याय गर्ने ठाउँ छैन, सुनमले भनिन्, ' यो देशमा पीडितका लागि न्याय मरेजस्तै रहेछ । ममाथि यो अर्को बज्रपात हो ।'पत्रकार पौडेलको हत्यापछि नेपाल पत्रकार महासंघले उनका दुईजना छोराछोरीको पठनपाठनको दायित्व लिने घोषणा गरेको थियो । तर, महासंघबाट पनि भने अनुसार सहयोग नपाएको उनले दुःखेसो गरिन् ।

# एमसीसी संसदमा टेबलः समर्थन र विरोधमा उत्रिए नेताहरु

*झापा(प्रस) ।* प्रतिनिधिसभा बैठकमा बिहीबार विरोधका बीच अमेरिकी सहयोग परियोजना (एमसीसी) टेबल भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले संसदमा एमसीसी पेस गरेका हुन्। यससँगै एमसीसी अनुमोदनका लागि प्रक्रियामा गएको छ। एमसीसी टेबल भएपछि नेताहरुले धारणा राखेका छन्। प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसी संसदबाट पारित हुने बताएका छन्। संसद बैठकपछि प्रधानमन्त्री देउवाले अब एमसीसी संसदबाट पास हुने बताए। तर, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले एमसीसी संसदमा पारित गर्न समर्थन नहुने बताए। उनले भने, 'एमसीसी सदनमा टेबल भएको छ। पास गर्न समर्थन गर्न सकिँदैन।' नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनालले संघीय ऐन नबनाइकन जबरजस्ती एमसीसी टेबल गर्ने काम संविधानविरोधी भएको बताए। उनले भने, 'एमसीसी करार सम्झौता हो। करार सम्झौतालाई अनुमोदन गर्ने भनेर अहिलेको सरकारले जुन ढंगले टेबल गर्न पुग्यो, एउटा महाशक्तिको दबाबको आधारमा । यो नेपालको लागि लज्जाको विषय हो।' खनालले सम्पूर्ण नेपाली जनताको शिर निहुराउने काम नेताहरुले गरेको बताए। 'म यसप्रति दुःख प्रकट गर्न चाहन्छु, खेद प्रकट गर्न चाहन्छु। करार सम्झौतालाई कुनै पनि देशको संसदबाट अनुमोदन गरिँदैन। जुन ढंगले नजिर बसाइयो। नेपाललाई ट्र्यापमा पारिँदैछ। संघीय ऐन बनाएरमात्रै सन्धि सम्झौता अनुमोदन गर्नुपर्ने हुन्छ। संघीय ऐन नबनाइकन जबरजस्ती एमसीसी टेबल गर्ने काम गर्नु संविधानविरोधी काम हो।'

त्यस्तै नेपाली कांग्रेसका महामन्त्री गगन थापाले विरोधका बीच एमसीसी अघि बढ्ने बताएका छन्। उनले भने, 'आजको छलफलमा नेकपा एमालेका सांसदले भाग लिनुभयो। मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, माओवादीका सांसदले भाग लिनुभयो। अब १२ गतेबाट सामान्य छलफल प्रारम्भ हुन्छ। छलफल आज जसरी भएको छ, त्यसैगरी गर्नुपर्छ। नाराबाजीका बीचमा पनि छलफल हुन्छ भन्ने कुरा त आज नाराबाजी गर्ने सांसदहरुले छलफलमा भाग लिएर पुष्टि गरिसक्नुभयो।'

उनले राष्ट्रघाती भन्ने सांसदहरुले आफ्ना अध्यक्षविरुद्ध नारा लगाउनुपर्ने बताए। 'यो प्रस्ताव राष्ट्रघाती भन्ने हो भने माननीय भीम रावलले केपी ओली राष्ट्रघाती हो भनेर नारा लगाउनुपर्छ। एमसीसी राष्ट्रघाती भन्ने हो भने माओवादीका सांसदहरुले पुष्पकमल दाहाल मुर्दावाद भन्ने आँट गर्नुपर्छ।'

ठाकुर पोलिक्लिनिकमा
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१



नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर
फोन: ०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)
अनारमनी वितरण केन्द्र

## काउन्टर बन्द हुने बारेको सूचना

प्रस्तुत सम्बन्धमा यस अनारमनी वितरण केन्द्र अन्तर्गत सुरुङ्गा प्रशाखाको महशुल संकलन काउन्टरको लागि प्रयोग भैरहेको सरभर २०७८/११/०८ मा अकस्मात बिग्रिएर मर्मतको लागि काठमाण्डौं पठाईएको हुँदा अर्को व्यवस्था नभईन्जेलसम्मको लागि यस अनारमनी वितरण केन्द्र सुरुङ्गा काउन्टर बन्द रहने भएकोले छुट तथा थप दस्तुरको लागि महशुल काउन्टर खुलेको दिनसम्म Mpower System मा बिदा जनाईने हुँदा सो प्रयोजनको लागि काउन्टर खुलेको पहिलो दिन महशुल बुझाउनु हुन सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**नोट** : काउन्टर खुलेको बारेमा जानकारी लिनको लागि निम्न नम्बरमा (कार्यालय समय भित्र) सम्पर्क गर्न अनुरोध छ । सम्पर्क नम्बर : ०२३-५५०३७१ , ९८६२६४०९५७ , ९८४९६७८४४७ साथै काउन्टर खुल्ने सूचना स्थानीय पत्रिकाहरु प्रतिदिन दैनिक , पूर्वाञ्चल दैनिक र साथै रेडियो बिराटबाट प्रकाशित/प्रसारित गरिने छ ।

**- नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**

# बुबा र छिमेकीको हत्या गर्ने दुई पक्राउ

***झापा (प्रस) ।*** मोरङको केराबारी गाउँपालिका-८ को हजार बिघा सामुदायिक बनमा माघ ९ गते मृत फेला परेका स्थानीय २६ बर्षीय बाबुराम भट्टराईको हत्या भएको खुल्न आएको छ ।

उक्त घटनामा संलग्न केरावारी गाउँपालिका-३ का ३५ बर्षीय कमल लिम्बूलाई प्रहरीले पक्राउ गरेसंगै सो कुरा खुल्न आएको हो । माघ १० गते सामुदायिक वनमा खाल्डो खनेर गाडेको अवस्थामा भट्टराईको शव फेला परेको थियो । शव फेला परेको जानकारी पाएलगत्तै घटनास्थलमा खटिएको प्रहरी टोलीले सुक्ष्म रुपमा गहन अनुसन्धान शुरु गरेको थियो । अनुसन्धानको क्रममा भट्टराई पौष २७ गतेदेखि नै बेपत्ता भएको र पौष २८ गते लिम्बूसंग वादविवाद भएको तथा लिम्बूले फलामको रड प्रयोग गरी भट्टराईको हत्या गरेको खुल्न आएको थियो । यसरी हत्या गरी घटनालाई ढाकछोप गर्न खाल्डो खनेर गाडेको भन्ने खुल्न आएसंगै लिम्बूलाई पक्राउ गरेको र घटना सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

त्यस्तै संखुवासभाको सभापोखरी गाउँपालिका-२ का १८ बर्षीय सुमन दर्जीलाई आफ्नै बुबाको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

शनिबार बिहान राति अन्दाजी साढे २ बजेको समयमा ५२ बर्षीय बुबा दलबहादुर दर्जीलाई फलामको मार्तोलले टाउकोमा प्रहार गर्दा दर्जीको घटनास्थलमा नै मृत्यु भएको भन्ने भन्ने खबर प्राप्त भएसंगै जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट खटिएको प्रहरी टोलीले बुबाको हत्यामा संलग्न रहेका उनलाई पक्राउ गरेको हो । घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

# शनिश्चरे खानेपानीमा लोकतान्त्रिक प्यानल विजयी



***अर्जुनधारा(प्रस) ।*** झापाको अर्जुनधारा ८ स्थित शनिश्चरे अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको शनिबार सम्पन्न निर्वाचनमा लोकतान्त्रिक गणतान्त्रिक समावेशी प्यानलका उम्मेद्वारहरु निर्वाचित भएका छन् ।

निर्वाचन समितिका संयोजक कृष्णप्रसाद पौड्यालका अनुसार लोकतान्त्रिक गणतान्त्रिक समावेशी प्यानलका तर्फबाट अध्यक्षमा किरण शिवाकोटी (५६९), उपाध्यक्षमा किरण वन (४८७), सचिवमा राकेश ढकाल (५३६), सहसचिवमा शान्तिदेवी राई (४६६), दुई खुल्ला महिला सदस्यमा देवकला प्रसाईं (४७५) र सरु बुढाथोकी (४५८), तीन खुल्ला सदस्यमा तुलाराम दाहाल (४७९), दिपेन्द्र फूँयाल (३७७) र राजेन्द्र काफ्ले (४१७) निर्वाचित भएका छन् ।

त्यस्तै उपविजेता संयुक्त लोकतान्त्रिक प्रगतिशिल प्यानलका अध्यक्ष पदका उम्मेद्वार रुद्रबहादुर न्यौपाने (१८९), उपाध्यक्ष पदका उम्मेद्वार श्याम घिमिरे (२५९), सचिव पदका उम्मेद्वार सन्तबहादुर तामाङ (२००), सहसचिव पदका उम्मेद्वार गणेशबहादुर खड्का (२४६), दुई खुल्ला महिला सदस्य पदका उम्मेद्वार मेनुकादेवी पोखरेल (१७८) र राधा गिरी (२६३), तीन खुल्ला सदस्य पदका उम्मेद्वार वृखबहादुर कार्की (२०९), मानकुमार थापा मगर (२८०) र रमेशकुमार काफ्ले (२८४) मत ल्याई पराजित भएका छन् ।

स्थानीय शनिश्चरे माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न निर्वाचनमा आठ सय १८ मतपत्र खसेको निर्वाचन समितिका संयोजक पौड्यालले जानकारी दिए ।

## पथरीशनिश्चरेको नगरसभाको तयारी

***पथरीशनिश्चरे(प्रस) ।*** मोरङको पथरीशनिश्चरे नगर कार्यपालिकाको आइतबारको बैठकले नगरसभाको तयारीसहितका विषयमा छलफल गरेको छ ।

नगर प्रमुख दिलिपकुमार राईको अध्यक्षताको बैठकले फागुन १० गते सम्पन्न गर्ने हिउँदे अधिवेशनका रुपमा दशौं नगरसभाको तयारीका सम्बन्धमा छलफल गरेको नगर प्रवक्ता यामप्रसाद गुरागाईंले जनाए ।

सोही बैठकले चालु खर्च र पूँजीगत खर्चको अवस्थाका बारेमा पनि छलफल गरेको उनले उल्लेख गरे ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

## ऋण/कर्जा चूक्ता/भूक्तान गर्ने बारे ३५ दिने सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/०५ गते**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धि शर्तहरुको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संचालक लगायत ऋणकर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५(**पैंत्तिस**) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पुर्ण सांवा, ब्याज र अन्य दैस्तुर चुक्ता भुक्तान गर्नु/गराउनू होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानी कर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असूली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

### तपसिल

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| १ | <u>ऋणी/व्यक्तिगतजमानीकर्ता</u> : साझेदारी ऐन, २०२० बमोजिम नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६८/१२/०६ मा **सा.फ.र.नं.**३/३०६४ अर्न्तगत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला बूधवारे न.पा. वडा नं.६, भई हाल सोही स्थान स्थित **सिद्धेश्वरी ट्रेडिङ्ग कन्सर्न**का तर्फबाट ऐ.का साझेदारहरु, जय नारायण कट्टेलको नाति,त्रिलोचन कट्टेलको छोरा,झापा जिल्ला बूधवारे न.पा. वडा नं.१, स्थायी ठेगाना भई हाल बिर्तामोड न.पा. वडा नं.१ बस्ने मिति २०५६।०१।०६ मा जिल्ला प्रशासन कार्यालय झापावाट जारी गरिएको ना.प्र.नं४०४१५२५ भएको वर्ष ३९ को **श्री रोहित कुमार कट्टेल,** देवि प्रसाद गौतमको नाति, सिताराम गौतमको छोरा, झापा जिल्ला बूधवारे न.पा. वडा नं.४,स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने मिति २०६७०९।२५मा जिल्ला प्रशासन कार्यालय झापावाट जारी गरिएको ना.प्र.नं ०४१००८/१४८२ भएको वर्ष ३२ को **श्री राजन गौतम**-१ समेत जम्मा जना २ ।<br><u>व्यक्तिगत जमानी/धितोजमानीकर्ता</u> :<br>नाम :-**त्रिलोचन कट्टेल**<br>बाबु :-जय नारायण कट्टेल<br>बाजे :-लक्ष्मीकान्त कट्टेल<br>ना.प्र.नं :- ४०४१४३३७<br>ठेगानाः-झापा जिल्ला बुधबारे गा.वि.स वडा नं १, स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने । | **चालुपुँजी कर्जा** | <br>रोहित कुमार कट्टेल<br><br>राजन गौतम<br><br>त्रिलोचन कट्टेल | **त्रिलोचन कट्टेल**को नाममा झापा जिल्ला मा.पो.का भद्रपुरमा, दर्ता कायम रहेको झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं. ३ख स्थित कि.नं. २१६४ को ( क्षेत्रफल वि.क.धु.मा ०-७-३) जग्गा र कि.नं. ४७४ को(क्षेत्रफल वि.क.धु.मा ०-६-८) का जग्गाहरु सो जग्गाहरुले चर्चेका सम्पूर्ण लिगलिगापात समेत ।<br><br>साथै फर्मको उद्योग भवन र गोदाममा रहेको कच्चा तथा तयारी माल र उद्योगको विभिन्न मिल तथा मेसीनरीहरु उपर समेत ऋणी बैंकको हाईपोथीकेसन सूरक्षण रहेकोले तिनीहरु जे-जस्तो हालतमा छन सो को समेत लिलाम बिक्रि गरिने छ । |

## बिमालेख हरायो

L.I.C. कम्पनीको पो.न. ६००००६१४८ को पोलिसी पेपर बनियानीबाट भद्रपुर जाने क्रममा २०७८/१०/०५ गते हराएको हुँदा भेट्नु हुने महानुभावले तलको फोन नम्बर वा नजिकको प्रहरी चौकीमा सम्पर्क राख्नु होला ।

**सम्पर्क : सोलुफा खातुन**
**ठेगानाः कचनकवल-५(फूलबारी) , झापा**
**मोः ९८०१९२०६६३**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)
**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

The BLUE MOON Café

बर्थडे पार्टी ( हलसहित )
,स्पेशल थकाली खाना ,
नास्ता , पेय पदार्थ पाउनुका
साथै होम डेलिभरीको पनि
व्यवस्था छ ।






भ्यालेन्टाईन डे को उपलक्ष्यमा विशेष छुट

Add: Sanischare road
(Global bank opposite)
Birtamode-Jhapa
Mob: 9746865070 , 9852665071

## हरि ओम UPVC उद्योग





बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरुः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन,
रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरु निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### नेपाल क्रिडास्थल नबनोस्

**अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालमा लागु हुने विषयमा यतिबेला अमेरिका र चीनबीच दोहोरी चलिरहेको छ । एमसीसी संसद्बाट पारित गरिदिने विषयमा उठेको विवाद र बहस अहिले अन्तर्राष्ट्रिय शक्तिकेन्द्रबीच कूटनीतिक तानातानको अवस्थामा पुगेको हो । विशेषगरी वर्तमान गठबन्धनको सरकार र त्यसमा संलग्न राजनीतिक दलहरूको असक्षमताका कारण नेपालको कूटनीतिक क्षमता र अन्तर्राष्ट्रिय सम्बन्ध कमजोर बन्दै गइरहेको छ । नेपालमा विदेशी शक्तिकेन्द्रहरुले खेल्ने मौका पाइरहेका छन् ।**

**एमसीसीको विषयलाई लिएर शक्तिराष्ट्रहरू अमेरिका र चीनबीच द्वन्द्व बढ्न सक्ने खतरा देखिनु नेपालका लागि शुभ संकेत पक्कै पनि होइन । एमसीसीको विषयमा नेपाल सरकार र यहाँका राजनीतिक दलहरूले समयमा नै निर्णय गर्न नसक्दा यसले थप जटिलता ल्याएको देखिन्छ । यदि नेपालले यो विषयलाई समयमा नै टुंगोमा पुर्‍याउन सकेन भने अमेरिका र चीन दुवैले नेपालप्रति हेर्ने दृष्टिकोण नकारात्मक हुन सक्छ । एमसीसीको विषयलाई सधैं यसरी गिजोलेर राख्नहुँदैन । संसद्ले नै यसलाई अनुमोदन वा अस्वीकृत गर्नुपर्छ । जे गरे पनि तत्काल गर्नुको विकल्प छैन ।**

**यो विषयलाई लिएर नेपालका राजनीतिक दल पनि विभाजित हुन पुगे भने विश्वका दुई शक्तिशाली राष्ट्र अमेरिका र चीन पनि आमनेसामने देखिन पुगे । देशभित्र सत्तारूढ गठबन्धनकै बीचमा यसले दरार सिर्जना गरिरहेको छ । सत्तारूढ दलहरूमा सहमति कायम हुन नसक्दा यो विषय दिन प्रतिदिन गिजोलिने अवस्थामा पुगेको छ । यस अतिरिक्त एमसीसीको विषयले अन्तर ोष्ट्रिय शक्तिकेन्द्रहरूका बीचमा पनि दरार र तनाव सिर्जना गरिदिएको छ । नेपालका राजनीतिक दलहरूका राष्ट्र र राष्ट्रहितका साथै नेपालको आफ्नो भूराजनीतिक अवस्थितिका कारण उत्पन्न हुन सक्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तनाव नेपाली शासकहरुको अनभिज्ञता र अपरिपक्वताले समस्यालाई थप जटिल बनाउँदै लगेको पनि देखिन्छ । नेपाल विदेशीहरुको क्रिडास्थल बन्दै गएको छ । नेपाल र नेपालीको स्वाभिमान र स्वाधिनतामाथि प्रहार भएको महसुस भएको छ । यो सब हाम्रा नेताहरुले गर्दा भएको हो । यो समस्या निम्त्याउनका लागि नेपालका अदूरदर्शी शासक पूर्ण जिम्मेवार छन् ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सार्वजनिक सेवामा कोभिडको पाठ



• हरिबहादुर थापा

आम विश्वले स्वीकार गरेको कुरा हो कि कोभिड-१९ को महामारीले विश्वको जनस्वास्थ्य मात्रै नभई अर्थतन्त्र, शक्ति सन्तुलन, भूराजनीति, सामर्थ्य, व्यक्तिगत र सामाजिक व्यवहार, अध्ययन विधि, परम्परागत सोच अनि प्रविधिको बहुआयामिक उपयोगलगायतका धेरै क्षेत्रमा उथलपुथल नै ल्याइदिएको छ । कोभिड-१९ महामारीअघिको विश्व समाज र अहिलेको विश्व समाजबीच ठूलो अन्तर आइसकेको छ; जुन कुरालाई व्यक्तिगत तहमा पनि जो कसैले अनुभव गरिसकेको छ । अझै पनि यो परिवर्तन र उचारचढावले कुन मोड लिने हो, कुनै निश्चित छैन । प्रविधि र सञ्चारको विकासले समाज आफैँ पनि गतिशील र आधुनिकीकरण हुँदै गएको अवस्थामा कोभिड-१९ जस्ता महामारीको कारणले आउन सक्ने परिवर्तनले सिर्जना गर्ने चुनौतीलाई सामना गर्ने पहिलो दायित्व राज्यको र राज्यबाट नागरिकका लागि हुने सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएका राष्ट्रसेवक कर्मचारीको नै हुन्छ । यस्ता चुनौती सामना गर्नका लागि परिवर्तनलाई स्वीकार गरी चुनौतीको सामना गर्नसक्ने सामर्थ्य, क्षमता, शैली र इच्छाशक्तिबाट सार्वजनिक सेवा र यसमा आबद्ध सबै जना हरक्षण निःसृत हुनु जरुरी छ । जुनसुकै स्तरको महामारी वा विपत्ति चलिरहँदा पनि राज्य तथा यसका अङ्गलाई आराम गर्ने छुट रहँदैन ।

यस्तो विषम परिस्थितिमा राज्यको भूमिका झन् महत्वपूर्ण र अनिवार्य सर्त हुन जान्छ । जनतालाई सरकार वा राज्यको अनुभूति दिने भनेकै सार्वजनिक प्रशासन तथा कर्मचारीतन्त्रको माध्यमबाटै हो । अप्रत्यासित रूपमा विश्व समाजले बेहोर्नुपरेको कोभिड-१९ जस्ता महामारीबाट जतिसुकै क्षति भए पनि त्यसको अनुभवबाट पाठ सिकेर तयारी अवस्थामा बस्न सक्ने हो भने भविष्यमा आउन सक्ने कुनै पनि महामारी तथा विपत्तिबाट मुलुक र नागरिकलाई कमभन्दा कम क्षतिमै सीमित गर्न सकिन्छ । अन्य क्षेत्रजस्तै सार्वजनिक प्रशासनको क्षेत्रमा पनि अनुभवका आधारमा कार्यव्यवहार, कार्यशैली र कार्यप्रक्रिया परिवर्तन गरी यसलाई गयात्मक बनाउनु जरुरी रहेको छ । अप्रत्यासित नै भन्नुपर्छ कि कोभिड-१९ ले राज्यका हरेक क्षेत्रमाथि अनपेक्षित रूपमा चुनौतीको पहाड खडा गरिदिएको छ । सङ्गठित र असङ्गठित सबै क्षेत्रमा विभिन्न प्रकृतिका चुनौती आइपरेको छ । जसको प्रत्यक्ष असरले मुलुकको अर्थतन्त्रदेखि आम नागरिकको चुलोचौकासम्म धक्का दिएको छ । यी चुनौती फरक छन् र तिनको सामना गर्ने विधि पनि फरक नै हुन्छन् । यस्तो अवस्थामा मुलुकको कुनै पनि क्षेत्र धराशयी हुनुबाट बचाउनुका साथै हरेक नागरिकको मानवीय पक्षको पूर्ण सुरक्षा गर्ने दायित्व सरकारको हुन्छ । असामान्य अवस्थामा असामान्य नै विधि कार्यान्वयन गर्नुको विकल्प रहँदैन ।

कानुन र प्रचलित विधिसँगै मानवीय पक्ष, नैतिक मूल्यमान्यता र सदाचारिताले ओतप्रोत भएका राष्ट्रसेवक कर्मचारीबाट मात्र महामारीका चुनौतीको असली पहिचान र समाधानको स्पष्ट विधिको विन्यास र कार्यान्वयन हुन सक्छ । राष्ट्रसेवक कर्मचारीको माथिल्लो तह नीति, कानुन र कार्यविधि तय गर्न सरकारलाई सघाउने र तल्लो तह त्यसको प्रभावकारी कार्यान्वयन गरी आम नागरिकका अपेक्षा र आवश्यकता पूरा गर्ने लक्ष्य हुन्छन् । महामारीको बेलामा समेत तत्कालका चुनौतीको पहिचान र सम्बोधन गर्नमा नीतिगतदेखि कार्यान्वयन चरणमा राष्ट्रसेवक कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ । महामारीको वेलामा पीडितमध्ये एक हजार जनाले राहत पाएकोभन्दा एक जनाले राहत नपाएको विषय संवेदनशील हुनाले सोहीअनुसार समाधानका विधिको स्पष्ट आकलन र खाका तयार हुन सक्यो भने मात्र महामारीविरुद्ध राज्य र नागरिकको प्रयत्नले सार्थकता पाउँछ ।

सेवा प्रवाह, शान्ति सुरक्षा तथा विकास निर्माणजस्ता नियमित कार्यका साथै महामारीको बेला संकट सन्निकट तथा जोखिममा रहेका वर्गहरू जस्तै- विपन्न, महिला, बालबालिका, फरक क्षमता भएका नागरिक, वृद्धजस्ता समुदाय थप तथा दोहोरो मारमा परेका हुन्छन् । यस्तो समूहको पहिचान र सेवामा प्राथमिकता दिने चुस्त दुरुस्त कार्ययोजना राष्ट्रसेवक कर्मचारीबाटै विन्यास र कार्यान्वयन हुने हो । स्थानीय तहबाट प्रदान हुने सेवा सुविधा तथा कार्यक्रममा समेत स्थानीय तहमा संलग्न राष्ट्रसेवक कर्मचारी संलग्न हुनुपर्ने अनि महामारीको बेला परिचालन हुने स्वयंसेवक दस्ताको परिचालन र अनुगमनमा समेत राष्ट्रसेवक कर्मचारीको ठूलो दायित्व हुन्छ । महामारीको बेलामा पनि समुदायमा हुन सक्ने लुटपाट, चोरी, डकैती, हुलदङ्गा, अवसरको असमान वितरण तथा अव्यवस्थालाई नियन्त्रणमा राखेर थप जोखिममा रहेका अनि सामान्य नागरिकलाई भरोसाका साथ उनीहरूको मनोबल उच्च राख्न सक्ने क्षमताको समेत विकास गरिनु जरुरी छ । सार्वजनिक क्षेत्रको कार्यसंस्कृति र कार्यव्यवहारबारेमा निरन्तर आलोचना हुने गरेको छ । कोभिड-१९ महामारीको बेलामा समेत राष्ट्रसेवक कर्मचारीले यसमा सुधार गर्न नसकेको गुनासो आउनु स्वाभाविक हो । यसैले नयाँ चुनौतीको सामना गर्दै हरेक राष्ट्रसेवक कर्मचारीले आफ्नो परम्परागत शैलीमा निखार ल्याउन सके मात्र महामारीजस्ता चुनौतीको प्रभावकारी रूपमा सामना गर्न सकिन्छ । यसका लागि प्रविधिसँग अद्यावधिक भई आपसी सिकाइ र बढी समय दिएरै भए पनि व्यक्तिगत क्षमता विकासमा विशेष ध्यान दिनु जरुरी छ ।

व्यक्तिगत क्षमता विकासबाटै संस्थागत क्षमताको विकास हुने हो र संस्थागत क्षमताको विकास भएपश्चात् समग्र राज्यको सामर्थ्य बढ्न जाने हो । यसबाट अन्तिम प्रतिफल प्राप्त हुने भनेको आम नागरिक र मुलुकको समृद्धिका लागि हो । कोभिड-१९ महामारी नियन्त्रणमा आर्जन भएको व्यक्तिगत र संस्थागत क्षमता सधैँका लागि व्यक्ति, संस्था र राज्यको आफ्नो पुँजी हो । यसले भोलिका दिनमा आउन सक्ने कुनै पनि महामारीविरुद्ध प्रभावकारी रूपमा परिचालन गर्न सहज हुन्छ । यही महामारीकै बीचमा विश्वभरि घरबाटै कार्यालयको काम गर्ने अर्थात् उपलब्ध प्रविधि र स्रोतसाधनको उपयोग गरी बासस्थानबाटै आफ्नो जिम्मेवारीको कार्यसम्पादन गर्ने संस्कृतिको समेत विकास भएको छ र हाम्रो मुलुकमा समेत यसको अभ्यास सुरु भएको छ । राष्ट्रसेवक कर्मचारीका लागि पनि महामारीको बेलामा यो अभ्यास अत्यन्तै प्रभावकारी हुन सक्छ, यो अनुभवले देखाएको तथ्य हो । महामारी एक असामान्य अवस्था हो ।

यस्तो बेलामा हरेक मुलुक र समाजमा स्रोतसाधनको अभाव हुन्छ । उपलब्ध र सीमित स्रोतसाधनको समुचित र समन्यायिक वितरणमा राष्ट्रसेवक कर्मचारीको महत्वपूर्ण भूमिका हुन्छ । महामारीको बेलामा समय अत्यन्त कम हुने गर्छ । तसर्थ कमभन्दा कम समयमा सीमित स्रोतसाधनले अधिकाधिक समुदायको आवश्यकता पूरा गर्न यसको आवश्यक पहिचान, प्राथमिकीकरण र विभेदपूर्ण वितरणमा राष्ट्रसेवक कर्मचारीले विशेष ध्यान पुर्‍याउनु जरुरी हुन्छ । यसका लागि कर्मचारीमा स्पष्ट कार्ययोजनासहितको तयारी, अनुभव तथा समस्यासँग जुध्न सक्ने क्षमताको विकास हुनुपर्छ । महामारी एक कठिन र अकल्पनीय अवस्था हो । यसले मानव समुदाय र समाजमा एउटा नमिठो पदचिह्न छोडेर गएको हुन्छ । तथापि यसलाई अर्को तर्फबाट हेर्ने हो भने महामारीबाट सिकेको पाठ र आर्जन भएको क्षमता आउने समय र पुस्ताका लागि एउटा पुँजी पनि हो । कुनै पनि विपत्तिबाट पाठ सिक्न सकिएमा भोलिका लागि त्यसले त्यस्तै खाले विपत्ति आउनुपूर्वको सजगता र तयारी मात्र होइन, विपत्ति आए पनि त्यसलाई सामना गर्ने प्रभावकारी पुनर्स्थापना गर्न सहज उपाय समाजलाई छाडेर गएको हुन सक्छ ।

कोभिड-१९ बाट हामीले पाठ सिकेर स्वास्थ्य पूर्वाधारमा धेरै प्रगति गरेको छौँ । यसैगरी व्यक्तिगत सरसफाइमा सुधार भएकाले कोभिड-१९ बाहेकका अरू मौसमी रोगव्याधीमा कमी आएको र जनस्वास्थ्यको स्तरमा ठूलो सुधार आएको सबैले अनुभव गरेकै विषय हो ।राष्ट्रसेवक कर्मचारीका लागि पनि कोभिड-१९ महामारीको अनुभवबाट एक किसिमको क्षमता र अनुभव प्राप्त भएको छ; जसले गर्दा अब हुने कुनै पनि महामारी नियन्त्रणमा अझ प्रभावकारी रूपमा प्रस्तुत हुन सकिने कुरामा विश्वस्त हुन सकिन्छ ।

आम विश्वजस्तै कोभिड-१९ को महामारीबाट हाम्रो मुलुक पनि नराम्रोसँग प्रभावित भइरहेको छ । यसले जनस्वास्थ्यमा पारेको असर र मानवीय क्षति मात्र नभई समग्र क्षेत्रमा पारेको दीर्घकालीन असरको लेखाजोखा हुन बाँकी नै छ । यस अवस्थामा आम नागरिकप्रति राज्यको दायित्व झनै बढेर गएको छ । राज्यबाट मुलुक र राज्यका लागि प्रवाहित हुने सेवा र सुरक्षाका लागि राष्ट्रसेवक कर्मचारीको क्षमता विकास मात्र नभई उपलब्ध विज्ञान, प्रविधि र सूचनाको अधिकाधिक उपयोगद्वारा कार्यसंस्कृति र कार्यव्यवहारमै आमुल सुधार गर्न सकेमा कोभिड-१९ जस्ता महामारीले सिर्जना गरेका चुनौतीको सहज सामना गर्न सकिनेछ ।

# एमसीसी प्रकरण : अमेरिका र चीनको कूटनीतिक कमजोरी

• अरुण बराल

पराराष्ट्र मामिलाका जानकार एवं अमेरिकाका लागि प्रस्तावित राजदूत श्रीधर खत्री एक साताअघि प्रधानमन्त्री शेरबहादुर देउवाको दूत बनेर माओवादीका एकजना नेतालाई भेट्न गए । आखिर, माओवादीले एमसीसी सम्झौतामा कहाँनेर असहमति जनाएको हो ? कसो गर्दा चाहिँ यो सम्झौता अनुमोदन गर्न माओवादी तयार हुन्छ ? एमसीसीका कडा आलोचक माओवादी नेतासँग खत्रीले यस्ता प्रश्नहरु सोधे । 'तपाईलाई भेट्न श्रीधरजी आउँदै हुनुहुन्छ है, एकचोटि भेट दिनुहोला' प्रधानमन्त्री देउवाले यसो भनेपछि ती माओवादी नेतासँग खत्रीको भेटवार्ता भएको थियो । तर, उनीहरुबीचको यो भेटवार्ता एमसीसीको विषयवस्तुमा भन्दा बढी नेपाल-अमेरिका कूटनीतिक सम्बन्धको विश्लेषणतिर मोडियो । प्रस्तावित राजदूत खत्रीले आफू अमेरिकी राजदूत र्‍याण्डी बेरीसँग पनि सघन सम्पर्कमै रहेको बताएपछि ती माओवादीले नेताले 'उसो भए अमेरिकालाई सुनाइदिनू' भन्दै केही सन्देश पठाए । माओवादी नेताले खत्रीमार्फत अमेरिकालाई पठाएको मौखिक सन्देशको भाव यस्तो थियो-'नेपाल र अमेरिकाबीच सात दशक लामो मित्रवत् सम्बन्ध छ । दुबै एक अर्काका मित्र देश हुन् । तर, यो एमसीसी प्रकरणमा अमेरिकाले लचक नहुँदा अब नेपालमा पनि अमेरिकाविरोधी जनमत बढ्ने सम्भावना बढेको छ । नेपाली जनतामा जसरी भारतविरोधी सेन्टिमेन्ट छ, त्यसैगरी अमेरिकाविरोधी सेन्टिमेन्ट बढ्यो भने यसले अमेरिकालाई फाइदा गर्दैन । चीनको छिमेकमा रहेको नेपालमा अमेरिकाविरुद्ध नारा लाग्ने परिस्थिति निर्माण हुनु र अमेरिकीहरु नेपाल भ्रमणमा आउँदा कालो झण्डा देखाउने परिस्थिति हुनु अमेरिकाका लागि घाटाको विषय हुनेछ । त्यसर्थ, अमेरिकीहरुले नेपाली जनताको भावनालाई भड्काउने काम नगरुन्, लचकदार भएर एमसीसीमा संशोधन गर्ने वा चुनावपछि सार्ने विषयमा सोचुन् । जोर जबर्जस्ती गर्ने, नाकाबन्दी लगाउने जस्ता धम्की दिने काम बन्द गरुन् ।'माओवादी नेताले श्रीधर खत्रीमार्फत अमेरिकी राजदूतलाई पठाएको यो मौखिक सन्देश महाराजगञ्जस्थित दुम्कीबाससम्म पुग्यो या पुगेन थाहा छैन । तर, त्यसयता अमेरिकी राजदूतको सक्रिय दौडधूप र दक्षिण एशियाली मामिला हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लूको 'सफ्ट धम्की' ले चिनियाँ ड्रागनलाई समेत 'ड्र्याग' गरिसकेको छ । एमसीसीले नेपाललाई दिने सहयोगको विषयलाई दिएर बेइजिङ र वाशिंटनबीच वाक्युद्ध शुरु भइसकेको छ ।

**बालकोटको त्यो रोचक भेट**

आगामी फागुन १६ भित्र एमसीसीलाई यथास्थितिमा संसदबाट अनुमोदन गराउन सक्रिय बनेका अमेरिकी राजदूत बेरी माघ २५ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगेका थिए । 'सेकेन्ड ह्याण्ड' सूचनाअनुसार ओली र बेरीबीचको त्यो भेटवार्ता निकै रोचक बन्यो । बालकोटको त्यो वार्ता अघिसम्म अमेरिकी अधिकारीहरु एउटा ठूलो भ्रममा थिए । एमाले अध्यक्ष केपी शर्मा ओली एमसीसी अनुमोदन गर्ने पक्षमा छन् तर सभामुख अग्नि सापकोटा अनि माओवादी अध्यक्ष प्रचण्डका कारणले मात्रै यो संसदमा टेबल हुन नसकिरहेको हो भन्ने अमेरिकनहरुलाई लागेको थियो । माओवादीको अवरोध हट्नासाथ काँग्रेसलाई एमालेले साथ दिन्छ र एमसीसीको पक्षमा ड्याम्म भोट हाल्छ भन्ने भ्रममा थिए अमेरिकी अधिकारीहरु । केपी ओलीले एमसीसीको पक्षमा मतदान गर्छन् भन्ने त्यही विश्वासका साथ अमेरिकी अधिकारीहरु अहिलेको गठबन्धन भत्काएर भए पनि फागुन १६ भित्र एमसीसी अनुमोदन गराउने दौडधूपमा लागेका थिए । अमेरिकी राजदूत बेरीको बालकोटदेखि बालुवाटारसम्मको सक्रियताले यही आतुरीलाई बताउँथ्यो । तर, बालकोटमा केपी ओलीसँगको भेटबाट राजदूत बेरी निराश बनेर फर्किए । 'तपाई मलाई भेट्न किन आउनुभएको ? प्रचण्डलाई भेटेर भन्नोस्, अहिलेको सत्ता गठबन्धनलाई एमसीसी पार गरिदेऊ भन्नोस्, उनीहरुसँग बहुमत छँदैछ, एमालेलाई भनेर केही पनि हुँदैन ।' एमाले अध्यक्ष ओलीले यही भावमा अमेरिकी राजदूतलाई जवाफ दिएको एमालेका नेताहरु बताउँछन् । आफूले प्रधानमन्त्री हुँदा एमसीसी पारित गर्न निकै जोडबल गरेको ओलीले अमेरिकी राजदूतलाई सुनाएका थिए । तर, त्यसबेला अमेरिकी राजदूतले अहिलेजस्तो सक्रियता नलिएको भन्दै ओलीले बेरीसमक्ष गुनासोसमेत पोखेको एमालेजनको भनाइ छ । ओलीलाई उद्धृत गर्दै एमालेका एक नेता भन्छन्, 'सरकारले संसदमा एमसीसी दर्ता गरे पनि त्यसबेला अमेरिका समयावधि थप गर्दै चुपचाप बस्यो, अहिलेजस्तो कुनै सक्रियता देखाएन । अमेरिकाले त्यसरी समय नथपेको भए ओली प्रधानमन्त्री भएकै बेला एमसीसी संसदबाट पास भइसक्थ्यो ।' स्रोतका अनुसार बालकोटमा भएको भेटमा अमेरिकी राजदूतले संसदको अवरोध खोलिदिनसमेत ओलीसँग आग्रह गरेका थिए । एमालेले संसदको अवरोध खोल्यो भने सभामुखले एमसीसी टेबल गर्न दिने भएकाले संसदको अवरोध खोलेर एमसीसी टेबल गर्ने वातावरण बनाइदिन बेरीले ओलीसँग आग्रह गरेका थिए । तर, अध्यक्ष ओलीले संसद खोल्ने वा नखोल्ने विषय नेपालको आन्तरिक भएको भन्दै अमेरिकी राजदूतको कुरा सुन्नै चाहेनन् । संसदको अवरोध एमसीसीका कारणले नभएको र त्यो जुन कारणबाट अवरोध गरिएको हो, त्यसको समाधान नभएसम्म नखुल्ने सन्देश ओलीले अमेरिकी राजदूतलाई दिएको स्रोत बताउँछ । आखिर, बाहना र तर्क जे बनाए पनि एमालेले संसदको अवरोध जारी राख्ने र एमालेको अवरोध जारी रहँदासम्म सभामुखले एमसीसी टेबल नगर्ने नीति प्रष्ट देखिएको छ । र, यसबाट एमसीसीको मामिलामा एमाले-माओवादीबीच अघोषित सहकार्यजस्तै देखिएको छ । बालकोटबाट फर्केपछि सम्भवतः अमेरिकी राजदूतले पनि यो कुरा बुझेको हुनुपर्छ ।

**डोनाल्ड लूको गल्ती**

एमसीसी सम्झौता संसदमा टेबल गर्नेबारे सरकार र सत्ता गठबन्धन दलहरुले छलफल गरिरहेका थिए । एमाले अध्यक्ष केपी ओलीलाई समेत बालुवाटारमा बोलाएर शेरबहादुर देउवा र प्रचण्डले राष्ट्रिय सहमति जुटाऔं भन्ने प्रस्ताव राखेका थिए । तर, दलहरुले आन्तरिक छलफल गरिरहेकैबेला अमेरिकी सहायक मन्त्री डोनाल्ड लुले नेताहरुलाई फोन गरेर 'एमसीसी पास नभएर चीनतिर ढल्केको अर्थमा बुझ्ने छौं र नेपाललाई हेर्ने नीतिमाथि नै विचार गर्नेछौं' भन्ने ढंगको नरम धम्की दिने कच्चा काम गरे । लुको यस्तो धम्की मिश्रित अभिव्यक्ति नेपालको आन्तरिक मामिलामाथि कूटनीतिक मर्यादाको उल्लंघन त थियो नै, एमसीसीमा चीनलाई समेत मुछेर भूराजनीतिक चक्रवातको स्पष्टि गर्ने कामसमेत यहीँबाट शुरु भयो । जसको ज्वारभाटा बेइजिङसम्म पुगिसकेको छ र शुक्रबार चिनियाँ विदेश मन्त्रालयले अमेरिकी दवावको प्रतिवाद गरिने बताएको अवस्था छ । एमसीसी सम्झौता पारित गर्ने कि नगर्ने नेपालको आन्तरिक सरोकारको विषय हो । अमेरिकी सहयोग लिने-नलिने, संसदबाट यसलाई पाररित गर्ने-नगर्ने यो विषयमा अमेरिका वा चीनले दबाव दिन मिल्दैन । जे गर्ने हो, संसदले गर्छ । तर, अमेरिकी अधिकारीहरुको कूटनीतिक कमजोरीका कारण अब यो विषय घरेलु राजनीतिक विवादबाट बाहिर निस्केर भूराजनीतिक मुद्दा बन्न पुगेको छ । र, यसमा अमेरिकी अधिकारीहरुको कूटनीतिक कमजोरीले आगोमा घ्यु थप्ने काम गरेको छ । अमेरिकाले नेपालसँगको आफ्नो सम्बन्धलाई सुमधुर बनाइराख्ने हो भने नेपाल नीतिबारे गम्भीरता अपनाउन जरुरी देखिन्छ । श्रीलंका वा अफगानिस्तानजस्तो नेपाललाई सम्झन मिल्दैन । नेपाल भनेको दक्षिण एशियामा कहिल्यै पराधीन नभएको एक मात्र देश हो । यस्तो हुनुमा नेपालीहरुको राष्ट्रवादी चेतना नै मुख्य कारक हो भन्ने अमेरिकीहरुले बझ्नुपर्छ । त्यसर्थ, नेपालीहरुको संवेदनशीलतालाई ख्याल गर्दै अमेरिकाले अहस्तक्षेपको नीति लिन जरुरी हुन्छ । राजदूतले दौडधूप गरिराख्नै पर्दैन, संसदले जे गर्ने हो, गरिहाल्छ । तोकिएको समयमा नेपालले सहयोग लिएन भने पनि नेपाल-अमेरिका सम्बन्ध अन्त्य गर्ने दिशामा जानुहुँदैन, दुई देशको सम्बन्ध सुमधुर नै राखिनुपर्छ । तर, यसतर्फ अमेरिकी अधिकारीहरु गम्भीर देखिएनन्, जसले गर्दा चिनियाँहरुलाई समेत बिच्काउने काम उनीहरुबाट भयो । यो अमेरिकी अधिकारीहरुको कूटनीतिक कमजोरी हो ।

**अमेरिकाले नबुझेको कुरो**

अमेरिकी अधिकारीहरुले बुझ्नुपर्ने कुरा के हो भने माओवादी अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि एमसीसी पारित गर्नै हुँदैन र फिर्ता लैजानुपर्छ भनेका छैनन् । उनीहरुले केही शंका उब्जिएका विषयहरु स्पष्ट पारौं र एमसीसी कार्यान्वयनमा लैजाऔं मात्र भनेका हुन् । तर, यसमा अमेरिकनहरु लचक नहुँदा अहिलेको समस्या सिर्जना भएको हो । अर्को कुरा, नेकपा एमालेले मात्रै एमसीसी पारित गर्न साथ दिने हो भने काँग्रेस र एमालेको भोटबाट यो पारित भइहाल्छ । त्यसर्थ, यसलाई प्रचण्ड र माधव नेपालको छेकबारले रोक्दैन । प्रचण्ड, माधव दुबैले संसदमा टेबल गर्न दिने कुरामा सहमति जनाइसकेका छन् । खाली यसमा एमालेले निर्णय लिन मात्र बाँकी छ । एमालेले चाहने मात्र हो भने एमसीसी तत्कालै पास भइहाल्छ । तर, अमेरिकनहरुले के बुझ्न सकेनन् भने नेकपा एमाले पनि यथास्थितिमा एमसीसीको पक्षमा भोट हाल्न चाहँदैन ।

**बेइजिङको गल्ती**

चिनियाँ अधिकारीहरुले पनि अमेरिकालाई जवाफ दिने नाममा नेपालको आन्तरिक मामिलामा बोलेर गल्ती गरेका छन् । नेपालको एमसीसीलाई लिएर चिनियाँ पत्रिकामा दिनहुँजसो समाचार र विश्लेषण आउन थालेका छन् । अमेरिकाले नेपाललाई दबाव दियो भन्दै गिजोल्ने काम गएको छ । यसलाई पनि चिनियाँहरुले नेपालका लागि सही काम गरेको मान्न सकिँदैन र मान्न हुँदैन ।अमेरिकासँग नेपालको सम्बन्ध कस्तो रहने भन्ने कुरा चीनको आँखाले हैन, नेपालकै आँखाले हेरिनुपर्दछ । अमेरिकाबाट लिने सहयोगलाई स्वीकार गर्ने नगर्ने त्यो नेपालले निर्णय गर्ने कुरो हो, यसमा चीनले बोल्नु अर्को कूटनीतिक हस्तक्षेप हुन जान्छ । नेपालले बीआरआईमा आफ्नो छिमेकी मित्र चीनसँग सहकार्य गर्ने नीति लिइसकेको छ, यसमा अमेरिकाले विरोध गर्न मिल्दैन । त्यसैगरी एमसीसी सहयोग नेपालले स्वीकार गर्दैमा चीनले पनि आपत्ति जनाउन मिल्दैन । बाँकी कुरामा नेपालले कुनै पनि सैन्य गठबन्धनमा नलाग्ने आफ्नो असंलग्न नीति विश्व समुदायलाई बताएकै छ । तसर्थ, नेपाल सरकारले तत्कालै यस विषयमा अमेरिका र चीन दुबै देशलाई एमसीसीको विषयलाई लिएर नेपाललाई कोपभाजनमा नपार्न सचेत पार्न जरुरी देखिएको छ ।

**एमसीसीमा अब के गर्ने ?**

एमसीसीका सन्दर्भमा अब अमेरिकासँग मूलतः चारवटा विकल्प छन् :

एक- नेपालमा माग भएअनुसार संशोधन र परिमार्जन गर्न तयार हुने ।

दुई- फागुन १६ को समय सीमालाई चुनावपछिसम्म सार्न तयार हुने ।

तीन- माओवादी र एकीकृत समाजवादीले नमानेको अवस्थामा अब एमालेलाई कन्भिन्स गरेर संसदबाट अनुमोदन गराउने ।

चार- यी तीनवटै काम नगर्ने हो भने फागुन १६ पछि फिर्ता लैजाने ।

यता, नेपाल सरकारसँग अब तीनवटा विकल्प छन् :

एक- सहमति जुट्न सकेन भने फागुन १६ पछि फिर्ता जाओस् ।

दुई- संसदबाट संकल्प प्रस्ताव पारित गर्ने र एमसीसी अनुमोदन गर्ने ।

तीन- नेकपा एमालेलाई कन्भिन्स गरेर काँग्रेस-एमालेको बहुमतले पारित गर्ने ।

# अन्तर्राष्ट्रिय मातृभाषा दिवस

***झापा(प्रस)*** । नेपाल एउटा फुलबारी नै हो र यहाँ विभिन्न भाषा बोल्ने फूलबारीका फूलहरु छन् । चाहे 'ल्हासो' भनुन् 'नमस्ते' भनुन् या 'सलाम-वालेकुम' भनुन् या 'जदौ' या 'तारेमाम' । यहाँ विविधता भेटिने अनेक भाषाको एउटै मतलब छ र मानव सभ्यता अनि अभिब्यक्तिका लागि भाषा एउटा महत्वपूर्ण आधार हो । भाषाका माध्यमबाट हामीले हाम्रा धैरै प्रत्यक्ष अनि परोक्ष सांस्कृतिक सम्पत्तिहरुको रक्षा र संग्रह गर्दै आएका छौं । त्यसैले त आज पनि भाषा अनि लिपिमा लिपिबद्ध




दस्तावेजहरु श्रीमद् भागवत गीता, कुरान , बाईबल , त्रिपिटक आदि थुप्रै ग्रन्थ अनि वेदहरु जोगाएका छौं । नत्र भाषा नहुने हो भने यी हजारौं वर्ष अगाडिका ग्रन्थहरु आज पनि हाम्रा सिरानी , सन्दुक तथा मनभित्र कहाँ हुन्थे र ? आफ्नै मातृभाषामा विद्यालय अनि विश्वविद्यालयका पाठ्यक्रमहरु उपलब्ध भएमा अध्ययन गर्न कति सहज हुन्थ्यो होला ! यस्ता प्रकारको सहज सिकाई अनि पाठ्यक्रममा पनि जोड दिन जरुरी छ । राष्ट्रिय भाषा नेपाली त हाम्रो मुटुमै छँदै छ तर, मातृभाषाको स्वादमा विषयबस्तुको सहज बुझाई पनि मानव अधिकार हो । कमसेकम शुरुवाती सिकाईहरु मातृभाषामा भईदिए हुर्कंदै गरेका केटाकेटीहरूका बुझाइका लागि विषयबस्तुहरु उसका लागि सहज र सरल हुन जान्छ ।

भारतबाट पाकिस्तान छुट्टिएपछि अहिलेको बङ्गलादेशलाई पूर्वी पाकिस्तान भनिन्थ्यो । आजको दिन सन् १९५२ मा बङ्गाली भाषाको औपचारिक प्रयोगका लागि बङ्गला युवाहरुले गरेको प्रदर्शन अनि त्यसमा मारिएका भाषाप्रेमी शहिदहरुको बलिदानको सम्झना स्वरुपमा मनाईन्छ । स्मरण रहोस् भारत र बङ्गलादेश मात्र यस्ता देश हुन् जसको राष्ट्रगान एकै ब्यक्तिले रचना गरेका थिए । उनी हुन् पण्डित रविन्द्रनाथ टेगोर ।

संसारमा यो भाषागत् अनि राष्ट्रिय पहिचानका मूलस्तम्भ राष्ट्रिय गान नै एकै कविले लेखेको उदाहरण अहिलेसम्म अन्यत्र छैन । यो विशेष दिन विश्वव्यापी रूपमा मातृभाषाको महत्व र यसको संरक्षणार्थ जनचेतना फैलाइन्छ । आजकै दिन सन् २००२ मा लोप हुन लागेका करीब ३००० भाषाप्रति मानिसहरुको ध्यानाकर्षण गराउने औपचारिकता आरम्भ गरिएको थियो । त्यस वर्ष युनेस्कोले 'यो भाषाहरुको ब्रह्माण्डमा हरेक शब्द एक तारा बराबर हुन् ' भन्ने नाराका साथ लोप हुन लागेका भाषाहरुमा सम्बन्धित समाजलाई प्रकाश पार्न महत्वपूर्ण कदम चालेको थियो । पहिचानको दौडमा बेजोडले कुदिरहेको नेपाल अनि नेपालीका परिवर्तित आकांक्षाहरुले सम्पूर्ण नेपालीहरुका भाषा अनि पहिचानलाई आत्मसात् गर्दै अगाडि बढ्न सकुन् , भाषा अनि बोली दुबैको सम्मान होस् ।

त्यो हो प्रेम, राष्ट्रियता अनि सद्भाव । आउनुहोस् जुनसुकै भाषा बोल्ने सकल नेपालीजनमा आजको यो अन्तर्राष्ट्रिय मातृभाषा दिवसको हार्दिक शुभकामना दिऔं । आज अन्तर्राष्ट्रिय मातृभाषा दिवस हो । सन् २००० देखि संयुक्त राष्ट्रसंघले आफ्ना सम्पूर्ण सदस्य राष्ट्रहरुलाई बहुभाषिक र बहुसांस्कृतिक जनसंख्या अनि त्यो जनसंख्यासंग जुटेका विविध भाषाको कदरस्वरुप हरेक वर्षको फेब्रुअरी २१ लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसको विगुल बजाउन आग्रह गरेको थियो ।

# घट्दै कोरोना संक्रमण

***झापा(प्रस)*** । नेपालमा कोभिड-१९ को संक्रमण पछिल्लो दुई सातायता निरन्तर ओरालो लागेको छ ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार संक्रमणदर १८ र परीक्षण गरिएकामध्ये संक्रमण पुष्टि हुने 'टेस्ट पोजिटिभिटी' दर ४ प्रतिशतमा झरेको छ । शनिबारसम्म देशभर कोरोनाका सक्रिय संक्रमितको संख्या १३ हजार ३५७ छ । तीमध्ये अस्पतालमा ६८८ जना उपचाररत छन् । बाँकी १२ हजार ८२८ होम आइसोलेसनमा छन् । अस्पतालमा १४२ जना आईसीयूमा र १७ जना भेन्टिलेटरमा उपचाररत छन् । ९० जना काठमाडौं उपत्यकाका



सक्रिय संक्रमितमध्ये पाँच हजार २ तीन जिल्लामा छन् । भक्तपुर 'रेड जोन' बाट हटेको छ । त्यहाँ सक्रिय संक्रमितको संख्या ५०० छ । काठमाडौं र ललितपुरसहित मोरङ, कास्की र कैलालीमा सक्रिय संक्रमित ५०० भन्दा बढी छन् । बाँकी जिल्लामा २०० देखि ५०० सम्म सक्रिय संक्रमित रहेको मन्त्रालयको तथ्यांक छ । ओमिक्रोन भेरियन्टका कारण एक महिना अघिदेखि उच्च भएको संक्रमण अब यही भेरियन्टका कारण उच्च हुने सम्भावना नरहेको विज्ञहरूले बताउँदै आएका छन् ।

# काँग्रेसको वडा कार्यालय उद्घाटन




***पथरीशनिश्चरे (प्रस)*** । नेपाली काँग्रेस पथरीशनिश्चरे वडा नं १० को कार्यालय उद्घाटन भएको छ ।

फागुन ७ गते प्रजातन्त्र दिवसको अवसर पारेर कार्यालयको उद्घाटन गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि वन,वातावरण तथा भू संरक्षण मन्त्री शेखरचन्द्र थापा, वडा सभापति प्रकाश अधिकारीसहित पार्टीका नेताहरुले संयुक्त रुपमा कार्यालय उद्घाटन गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि पौडेलले प्रजातन्त्र प्राप्तिका लागि नेपाली काँग्रेसले खेलेको भूमिकाको चर्चा गर्दै देशलाई जव संकट पर्छ, तब काँग्रेसले संकटबाट पार लगाउने बताए ।

त्यस्तै वन,वातावरण तथा भू-संरक्षण मन्त्रालयको जिम्मेवारी सम्हालेको उपलक्ष्यमा वडा कार्यसमितिले पौडेललाई सम्मान गरेको थियो । कार्यक्रमपश्चात् सन्ध्याकालीन समयमा ७२ औं प्रजातन्त्र दिवसको अवसरमा वडा कार्यसमितिले दिप प्रज्वलन गरेको थियो ।

# नामकरण गर्न सर्वदलीय छलफलको तयारी

***मोरङ(प्रस)*** । सत्तारूढ गठबन्धन दलले प्रदेशको नामकरणका लागि सर्वदलीय बैठक आह्वान गर्ने निर्णय गरेको छ । गठबन्धन दलले फागुन १० गते मध्याह्न सर्वदलीय बैठक आह्वान गर्ने निर्णय गरेको हो । बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेता र सम्बन्धित पार्टीका प्रदेश अध्यक्षका साथै प्रदेश सरकारका मन्त्रीलाई बोलाउने निर्णय गरिएको स्वास्थ्यमन्त्री जयराम यादवले बताए ।
'प्रदेशसभामा सहमतिका आधारमा प्रदेशको नाम प्रस्ताव गरी पारित गराउन साझा सहमतिका लागि सर्वदलीय बैठक आह्वान गर्ने निर्णय गरेका छौं,' उनले भने, 'प्रदेशसभामा प्रदेशको नामकरणका लागि सत्तारूढ गठबन्धन दलको तर्फबाट साझा नाम प्रस्ताव गर्ने निर्णय गरेका छौं ।'
प्रदेश सरकारको गत माघ १६ को मन्त्रिपरिषद् बैठकले तत्कालीन सामाजिक विकासमन्त्री जयराम यादवलाई प्रदेशको नामकरणका लागि समन्वय तथा सहजीकरण गर्ने जिम्मेवारी दिएको थियो ।
प्रदेशको नामकरणका लागि समन्वय र सहजीकरणको जिम्मेवारी पाएका मन्त्री यादवले नामकरणका लागि सत्तारूढ गठबन्धन दलको तर्फबाट एउटा मात्रै नाम प्रदेशसभा बैठकमा प्रस्ताव गर्ने सहमति कायम गर्न सफल भएका छन् । प्रदेशसभामा प्रतिनिधित्व रहेको सात वटा दलमध्ये ५ वटा सरकारमा नै छन् । प्रमुख प्रतिपक्षीमा एमाले र विपक्षीमा एक जना प्रदेश सांसद रहेको राप्रपा रहेको छ । मन्त्री यादवले बोलाएको सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी दल एमाले उपस्थित हुने सम्भावना न्यून छ । यसअघि मुख्यमन्त्री राई नेतृत्वको सरकारले कोरोना महामारीको तेस्रो लहर नियन्त्रणको विषयमा आह्वान गरेको सर्वदलीय बैठकमा एमाले उपस्थित भएको थिएन । एमालेको समर्थनबिना यस प्रदेशमा नामकरण सम्भव देखिएको छैन । प्रदेशसभा बैठकमा दुईतिहाइ बहुमतले प्रदेशको नाम पारित गर्नुपर्ने संवैधानिक व्यवस्था छ । ९२ सदस्यीय प्रदेशसभामा कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च गरी ५ दलीय सत्तारूढ गठबन्धनमा ५० जना प्रदेश सांसद मात्रै छन् । प्रमुख प्रतिपक्षी दल एमालेका ४१ र राप्रपाका १ प्रदेश सांसद छन् । प्रदेशसभाबाट प्रदेशको नाम पारित गराउन आवश्यक ६१ सांसद पुर्‍याउन एमालेको समर्थन अपरिहार्य छ ।

# विराट–अर्जुनले गर्‍यो रक्तदान

***बिर्तामोड(प्रस)*** । बिर्तामोड-४ स्थित विराट-अर्जुन उपभोक्ता सहकारी संस्थाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।
सामाजिक उत्तरदायित्वअन्तर्गत संस्थाले प्रत्येक बर्ष फागुन ८ गते रक्तदान कार्यक्रम गर्दै आएको छ । तेस्रो पटक आइतवार बिर्तामोडको मुक्तिचोकस्थित दुर्गा मन्दिरमा गरिएको रक्तदान कार्यक्रममा ९३ पिन्ट रगत संकलन भएको अध्यक्ष नविन खरेलले जानकारी दिए ।
रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी



बिर्तामोड उप-शाखाको प्राविधिक सहयोग रहेको थियो । संस्थाका अध्यक्ष खरेलको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा झापा जिल्ला सहकारी संघका बरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीको प्रमुख आतिथ्यता रहेको थियो ।संस्थाका उपाध्यक्ष यादव ओलीले स्वागत मन्तव्य गरेको कार्यक्रममा प्रमुख अतिथि गिरी, कार्यक्रम संयोजक ओमप्रकाश लुईटेललगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव डिल्लीराम प्रसाईले गरेका थिए । कार्यक्रममा १४ महिलासहित ७९ जनाले रक्तदान गरेका थिए ।

# सवारी दुर्घटनाबाट एकजनाको मृत्यु

***झापा (प्रस)*** । खोटाङको ऐसेलुखर्क गाउँपालिका-७ स्थित भित्री सडकखण्डमा मोटरसाईकलबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन भरतपुर महानगरपालिका-६ घर भई खोटाङ जिल्लाको रावाबेसी गाउँपालिकामा कार्यरत प्राविधिक ३१ बर्षीय दिपक ढुंगाना रहेका छन् । शनिबार बेलुकी साढे ४ बजे प्रदेश ३-०२-००७ प ५३३३ नं.को मोटरसाईकल अनियन्त्रित भई दुर्घटना हुँदा पछाडि सवार ढुंगाना घाईते भई उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । मोटरसाईकल चालक खोटाङ ऐसेलुखर्क-३ का हुलास गुरुङलाई इलाका प्रहरी कार्यालय ऐंसेलुखर्कले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# पथरीमा जेसीजले गर्‍यो दिप प्रज्वलन




पथरीशनिश्चरे(प्रस) । पथरी जेसीजले प्रजातन्त्र दिवसको अवसरमा दिप प्रज्वलन गरेको छ ।
शनिबार साँझ पथरी जेसीजकी अध्यक्ष अनिता राई ( अनु)को अगुवाईमा दिप प्रज्वलन गरिएको हो । पूर्व-पश्चिम राजमार्गको पथरीशनिश्चरे नगरक्षेत्रमा रहेको छेउको जाँते रोडमा बेलुका ६:३० बजे बर्ष २०२२ की अध्यक्ष अनिता राई(अनु) सहित बोर्डका पदाधिकारी, पूर्व अध्यक्षहरू मानबहादुर.दियाली, प्रदीप फुयँल तथा संस्थाका सदस्यहरुको उल्लेखनीय उपस्थिति रहेको जेसीज महासचिव राजकुमार विश्वकर्माले बताए।

# रकम ठगी गरेको आरोपमा पक्राउ

***झापा (प्रस)*** । कारागारमा रहेका श्रीमान र देवरलाई कारागारबाट छुटाई दिन्छु भनी प्रलोभनमा पारी रकम ठगी गर्ने एकजनालाई ईलाका प्रहरी कार्यालय ईटहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ईटहरी-१२ का 'मन्दु' भनिने जसबहादुर लिम्बू रहेका छन् । कर्तब्य ज्यान मुद्धामा जिल्ला कारागर तेह्रथुममा रहेका सुरेन्द्र पुरी र बालकृष्ण पुरीलाई थुनुवा मुक्त गराई दिन्छौ भनी



सुरेन्द्रकी श्रीमती तारा कार्की पुरीसंग ३३ लाख रुपैयाँ ठगी गरेको आरोपमा लिम्बूलाई पक्राउ गरेको हो । लिम्बू र ईटहरी-१२ कै भरत चौधरीले आफ्नो न्यायाधिस र प्रहरीसँग राम्रो सम्बन्ध रहेको हुँदा दुवै जनालाई छुटाईदिने प्रलोभनमा पारी रकम ठगी गरी फरार भएका थिए । घटनाको जानकारी पाएलगत्तै उनीहरुको खोजतलासमा खटिएको प्रहरी टोलीले रकम ठगी गर्ने मध्येका लिम्बूलाई पक्राउ गरेको तथा अर्को आरोपीको खोजतलास भईरहेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।

प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१[illegible] | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** – आज पारिवारिक सद्भाव बढ्नेछ । बन्दव्यापारमा बढावा होला ।

**वृष** – आज राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ ।

**मिथुन** – परिवारमा झैझमेलाको अवस्था आउनसक्छ । दिनको उत्तरार्धमा बढी खर्च

**कर्कट** – सवारीसाधनको खरिद बिक्री हुने योग छ । दाम्पत्य जीवन पनि सुखमय नै रहला ।

**सिंह** – आज माया प्रेममा सामीप्यता बढेर जानेछ । शुभ समाचार सुन्न पाइएला ।

**कन्या** – आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**तुला** – खर्च नियन्त्रणभन्दा बाहिर हुनसक्छ । कार्य सम्पादनमा सहजता नमिल्ला ।

**वृश्चिक** – आज इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ ।

**धनु** – सांस्कृतिक महत्वको क्षेत्रमा भ्रमण हुनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** – आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । रमाइलो यात्रा पनि होला ।

**कुम्भ** – धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**मिन** – अरुलाई प्रभावित पारेर काम बन्नेछ । चलाखीपूर्ण बोलीले काम बन्न सक्छ ।